



**जिल्ला संकट व्यवस्थापन केन्द्र ( District Level Crisis Management Center ), रुकुम पूर्वद्वारा प्रकाशित कोरोना भाइरस ( COVID–19 ) संक्रामक रोग रोकथाम, नियन्त्रण र उपचार प्रतिकार्य विशेषांक**

# ई-बुलेटिन

**३१ आषाढ २०७७ वर्ष १ अंक १**

## विषय प्रवेश:

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विश्व एकजुट भएर प्रतिरक्षा गरिरहेको सन्दर्भमा नवीन प्रकृति र प्रवृतिको यस रोगको रोकथाम, न्यूनीकरण तथा नियन्त्रणका लागि २०७६ चैत्र ११ गतेदेखि नेपाल सरकारले गरेको देशव्यापी लकडाउनको निर्णय बमोजिम रुकुम पूर्व जिल्लामा उच्च सतर्कतासाथ विभिन्न कार्यक्रमहरु संचालन गरिदै आएको छ ।

नेपाल सरकारको निर्णय र प्राप्त निर्देशन बमोजिम यस जिल्लामा लकडाउनको सूचना जारी गरिएकोमा सरकारी निर्णय र अनुरोधको पूर्ण पालना गरी सहयोग गर्नु भएकोमा सम्पूर्ण जिल्लावासीहरुमा हार्दिक धन्यावाद दिन चाहान्छौं । साथै कोरोना भाइरस (कोभिड-१९) रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार र सो अन्तर्गतका निकाय तथा कार्यालयहरु, सार्वजनिक तथा निजी क्षेत्र सम्वद्ध अस्पतालहरु, स्वास्थ्यकर्मी, नागरिक समाज, राजनीतिक दल, जन प्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, उद्योगी, व्यवसायी, स्वयंसेवी निकाय, सञ्चार जगत समेतबाट भएको प्रत्यक्ष अप्रत्यक्ष सहयोग प्रति हार्दिक आभर प्रकट गर्दछौं ।

कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि रुकुम पूर्व जिल्लामा संचालित महत्वपूर्ण कार्यक्रम तथा गतिविधिहरुलाई एकीकृत गरी सबैको जानकारीका लागि सहजरुपमा सूचना प्रदान गर्ने उद्देश्यले बुलेटिन प्रकाशन आरम्भ भएको जानकारी गराउदै रचनात्मक सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।



Scanned by CamScanner

## रुकुम पूर्व जिल्लामा जिल्लागत CCMC को गठन, संरचना र कार्य संचालन:

कोरोना भाइरस (कोभिड-१९) को रोकथाम, नियन्त्रण र उपचार लगायतका कार्यहरु यथाशीघ्र व्यवस्थपन गरी यस सम्बन्धी कार्यलाई प्रभावकारी र नतिजामूलक बनाउने उद्देश्यले गृह मन्त्रालयमार्फत प्राप्त केन्द्रगत CCMC का निर्देशन, संरचना र कार्यक्षेत्रभित्र रही कार्य गर्ने जिल्लागत संरचना गठन भई संचालनमा आएको छ। कोरोना भाइरस (कोभिड-१९) को रोकथाम, नियन्त्रण र उपचार लगायतका कार्य सम्वद्ध रणनीति निर्माण गर्ने एवं कार्यसञ्चालनको समिक्षा गर्ने बैठक बसी केन्द्रमा नियमित प्रतिवेदन गर्ने व्यवस्था मिलाईएको छ।

### जिल्ला संकट व्यवस्थापन केन्द्र ( District Level Crisis Management Center ), रुकुम पूर्वका पदाधिकारीहरु

| पद | नाम | कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|---|
| अध्यक्ष | मोहन प्रसाद अर्याल | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | ९८५७८६७७७७ |
| सदस्य | अमित जंग शाह | सेनानी, खड्गदल गण,सुरक्षा गुल्म | ९८६२१७६४४६ |
| सदस्य | गजुसिद्धि बज्राचार्य | प्रहरी नायव उपरीक्षक, नेपाल प्रहरी | ९८५७८६५५५५ |
| सदस्य | सुदन आचार्य | सशस्त्र प्रहरी नायव उपरीक्षक,स.प्र.बल नेपाल गु.हे.क्वा. | ९७४९११०८८० |
| सदस्य | प्रविण पनेरु | प्रमुख अनुसन्धान अधिकृत, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ९८५७८२४४८८ |
| सदस्य | डा. बद्री बैदवार | नि.मे.सु. , जिल्ला अस्पताल रुकुम पूर्व | ९८४७३२४४१३ |
| सदस्य | बिमला रोका श्रेष्ठ | नि.जि.स.अ., जिल्ला समन्वय समिति रुकुम पूर्व | ९८५७८२४२३५ |
| सदस्य-सचिव | अञ्जु पोखरेल | स.प्र.जि.अ.जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व | ९८५११९४८७२ |

यस समितिका सल्लाहकारमा जिल्ला समन्वय समिति, रुकुम पूर्वका प्रमुख श्री गजेन्द्र वहादुर वली रहनु भएको छ। जिल्लास्थित सवै स्थानीय तहहरुमा पालिकास्तरीय संरचना गठन भई क्रियाशिल रहदै आएका छन्।

### यस जिल्लामा कोभिड-१९ संक्रामक रोग रोकथाम र नियन्त्रणका लागि जिल्लामा सक्रिय संरचना/समितिहरु :-

१. जिल्ला सुरक्षा समिति
२. जिल्ला विपद् व्यवस्थापन समिति
३. कमाण्ड पोष्ट
४. जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र
५. क्वारेन्टाइन अनुगमन तथा मूल्यांकन समिति
६. क्वारेन्टाइन संचालन तथा व्यवस्थापन  समिति
७. पालिका/ वडा स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द
८. पालिका/वडा स्तरीय राहत वितरण समिति



Scanned by CamScanner

## यस जिल्लामा कोरोना भाईरस (कोभिड-१९) संक्रामक रोग रोकथाम र नियन्त्रणका लागि भइरहेका कार्यहरु :

जिल्ला प्रशासन कार्यालय रुकुम पूर्ववाट कोरोना भाईरस (कोभिड- १९) रोकथाम तथा नियन्त्रण कार्यका लागि भए गरेका मुख्य मुख्य कामकारवाहीहरुको विवरण

| क.सं. | मिति | कार्य विवरण | कैफियत |
|---|---|---|---|
| १ | २०७६/१२/०३ | गाउँ विपद् व्यवस्थापन समितिले विदेशवाट फर्किएका व्याक्तिहरुको लगत संकलन तथा निगरानी गर्ने गरेको तथा अत्यावश्यक उपभोग्य वस्तुको अभाव हुन नदिन नियमित वजार अनुगमन गर्ने गरिएको । | |
| २ | २०७६/१२/१० | क्वारेन्टाइन स्थापना गरी भारत र जापान वाट आएका नागरिकलाई क्वारेन्टाइनमा राखिएको, अत्यावश्यक सेवाका लागि पास को व्यवस्था गरिएको । | |
| ३ | २०७६/१२/२५ | भारत तथा तेस्रो मुलुकवाट जिल्ला प्रवेश गरेका व्यक्तिहरुलाई क्वारेन्टाइनमा पठाउने र क्वारेन्टाइन अवधि पुरा गरेका व्यक्तिहरुलाई सुरक्षित र सचेतता पूर्वक घरमा वस्नका लागि समन्वय गरिएको । | नियमित रिपोटिङ गरिएको । |
| ४ | २०७७/०१/०१ | E-PASS सेवा सुचारु गरिएको । | |
| ५ | | लकडाउन लाई प्रभावकारी वनाउन गृह मन्त्रालयबाट प्रप्त निर्देशनलाई कार्यान्वयन गरिएको । | सवै सुरक्षा निकायबीच आवश्यक समन्वय गरिएको । |
| ६ | २०७७/०१/२९ | यस वर्षका लागि जिल्लामा यार्सागुम्वा संकलन कार्यालाई बन्देज गर्ने निर्णय गरिएको । | जिल्लाको सिमा नाकाहरुमा चेक जाँच तथा हेल्पडेस्क संचालन गरिएको । |
| ७ | | यस जिल्लाका स्थानीय तहमा २०७७/०१/०५ देखि हाल सम्म जम्मा ७२९ वटा RDT परीक्षण गरिएको, RDT परीक्षणलाई निरन्तरता दिइएको । | |
| ८ | | हालसम्म यस जिल्लाका ४३८जनाको PCR Test गरिएको । | १४ जनाको नतिजा कोरोना पोजेटिभ देखिएको,अन्यको नेगेटिभ देखिएको । |



Scanned by CamScanner

## नियमित वजार अनुगमन

रुकुम पूर्व जिल्लामा अत्यावश्यक वस्तु तथा सेवाहरु ( खाद्यान्न, औषधि लगायत अन्य दैनिक उपभोग्य वस्तुहरु ) को उपलब्धता, मौज्दात र बिक्री वितरण लगायतका अन्य अवस्थाको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय,जिल्ला प्रहरी कार्यालय, उद्योग वाणिज्य संघ, स्थानीय तह, जिल्ला अस्पताल, जनस्वास्थ्य कार्यालय,घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, पत्रकार समेतको प्रतिनिधिहरुको सहभागितामा नियमित वजार अनुगमन गर्ने गरिएको छ । कोरोना भाइरस (कोभिड-१९) संक्रमणको यस परिस्थितिमा एकाधिकार, कालोबजारी तथा मिलेमतो जस्ता गैरकानुनी कामकारवाहीलाई रुकुम पूर्व जिल्लाभित्र निषेध गर्नका लागि नियमित अनुगमन गर्नुका साथै यस कार्यालयवाट आदेश तथा सूचनाहरु समेत जारी गरिएको छ ।

कोरोना भाइरस (कोभिड-१९) को संभवित जोखिम नियन्त्रण तथा रोकथामको समय अवधिमा खाधान्न अभाव हुन नदिन जिल्ला भर मौज्दात रहेको खाद्यान्न विवरण उद्योग वाणिज्य संघ र स्थानीय तह को समन्वयमा संकलन गरिएको छ । नेपाल खाद्य संस्थान र साल्ट ट्रेडिङ कर्पोरेशन तथा स्थानीय तहको समन्वयमा पालिका स्तरमा खाद्यान्न भण्डारणगरी बिक्री वितरण गर्ने व्यवस्था गरिएको छ ।



पुथाउत्तरगंगा गाउँपालिका र नेपाल खाध संस्थानको समन्वय मा खाधान्न भण्डारण गरी वितरण हुँदै

Scanned by CamScanner

## अलपत्र मजदुरको उद्दार

रुकुम पूर्व जिल्ला स्थित मध्य पहाडी पुष्पलाल लोकमार्ग निर्माण आयोजना, शहिद मार्ग सडक आयोजना, रुकुमगाढ जलविधुत आयोजना, प्रदेश तथा स्थानीय तहका आयोजनाको काम वन्द भएपछि जिल्लामा अलपत्र कामदारहरुको सम्बन्धमा नेपाल सरकार, गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं.३४५९ मिति २०७६/१२/१५ को पत्रको निर्देशन बमोजिम निर्माण कार्य रोकिएर अलपत्र परेका कामदारहरुको उद्दार कार्य सम्बन्धित निर्माण कम्पनी सँग समन्वय गरी पठाइएको छ ।

## राहत वितरणमा एकद्धार

रुकुम पूर्व जिल्ला स्थित सवै स्थानीय निकायहरुवाट अति बिपन्न तथा गरीव, ज्यालादारी गर्ने एवं खाद्यान्न सामग्रीको अभाव रहेका व्यक्तिहरुको पहिचान गरी राहत वितरण भइरहेको छ ।

## क्वारेन्टाइन स्थापना तथा अनुगमन

रुकुम पूर्व जिल्लाका स्थानीय तहको अगुवाइमा क्वारेन्टाइनको स्थापना तथा संचालन भइरहेको छ । यसका लागि क्वारेन्टाइन संचालन तथा व्यवस्थापन समिति क्रियाशील रहेको छ ।

रुकुम पूर्वको जिल्लागत CCMC को टोलीबाट विभिन्न मितिमा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण व्यवस्थापनका लागि सञ्चालित क्वारेन्टाइन स्थलहरुको नियमित अनुगमन तथा निरीक्षण भइरहेको छ । कोरोना भाइरसबाट हुनसक्ने संभावित महामारी संक्रमण रोकथाम र नियन्त्रणमा सवै स्थानीय तह एवं सरोकारवालाहरुलाई जिम्मेवार, सतर्क र सुरक्षित वनाउन तथा सोको निरन्तर अनुगमन र निगरानी जिल्लास्थित सुरक्षा निकायहरुले मिलाउने व्यवस्थापनका लागि आवश्यक काम कारवाही प्राथमिकताका साथ अगाडि बढाइएको छ । PCR विधिवाट कोरोना भाइरस परीक्षणको लागि स्वाब संकलन गरी मिति २०७७/०२/०९ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङमा पठाइएकोमा २०७७/०२/१४ गते PCR परिक्षणको रिर्पोट अनुसार कोरोना भाइरस संक्रमण पुष्टि भएका पुथाउत्तरगंगा गाउँपालिका वडा नं. १३ र १४ का २ जना पुरुष र १ जना महिलालाई प्रादेशिक कोरोना विशेष अस्पताल बेलझुण्डी दाङमा पठाइएकोमा १४ दिनसम्म अस्पतालमा रहदा कुनै लक्षण नदेखिएपछि घर फिर्ता पठाइएको छ । पछिल्लो पटक स्वाव संकलन गरी PCR परीक्षणका लागि भेरी अस्पताल नेपालगंजमा पठाइएकोमा सात जनामा कोभिड-१९ पोजेटिभ देखिएको । उनीहरुलाई रुकुम पूर्व अस्पतालको आइशोलेसन सेन्टरमा राखिएको छ ।



Scanned by CamScanner

## अत्यावश्यक सेवाका लागि सवारी ई-पास लागू

नेपाल सरकारले जारी गरेको लकडाउनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र जनजीवनलाई सहज बनाउन अत्यावश्यक सवारी साधनको लागि सवारी पास उपलब्ध गराउन मिति २०७७/०१/०२ बाट ई-पास लागू गरेको छ ।

गृह मन्त्रालयको च.नं. ५२४, मिति २०७७/०१/०२ गतेको पत्र अनुसार सवारी पास वितरणको कार्यलाई सहज,सरल र सुव्यवस्थित बनाई कार्यसम्पादनमा प्रभावकारीता ल्याई सामाजिक दूरीसमेत कायम गर्ने उद्देश्यले ई-पास उपलब्ध गराउने निर्णय भएको हो ।
अत्यावश्यक सवारी अनुमति चाहिएमा ई-पासका लागि https//epass.moha.gov.np मा गई आवेदन गर्न सकिने छ ।

यसका साथै मोवाइलको म्यासेज वक्समा गई कुनै अक्षर लेखी १११२ मा म्यासेज पठाई समेत यस लिंक प्राप्त गर्न सकिन्छ । पास दिने नदिने सम्वन्धमा जिल्ला प्रशासन कार्यालयवाट निर्णय भई सकेपछि सोको जानकारी मोवाइलमा प्राप्त हुनेछ । पास जारी भएमा मोवाइलमा कोड नं. प्राप्त हुनेछ त्यो नै सवारी अनुमति पास हुनेछ । यसरी आवेदन गर्दा SMS वा डाटावापत कुनै शुल्क लाग्ने छैन ।

जिल्ला प्रशासन कार्यालयले अति आवश्यक सेवाका सवारी साधनको लागि मात्र पास स्वीकृत गर्ने हुँदा  अनावश्यक रुपमा टेलिफोन सम्पर्क र अनलाइन दरखास्त नगरी लकडाउनलाई प्रभावकारी वनाउने कार्यमा सहयोग पुरयाउन समेत अनुरोध गरिएको छ ।

Scanned by CamScanner

# रुकुम पूर्व जिल्लामा रहेका क्वारेन्टाइन तथा आइशोलेसन वेड विवरण

| सि.नं. | जिल्ला | क्वारेन्टाइन विवरण | आइसोलेसन विवरण | कैफियत |
|---|---|---|---|---|
| | | वेड संख्या | १५ | |
| १ | श्री रुकुम पूर्व अस्पताल | | | |
| २ | श्री रुक्मिणी मा.वि. | ५० | - | |
| ३ | श्री सिद्धचौर मा.वि. | ३० | - | |
| ४ | श्री महेन्द्र मा.वि. | २० | - | |
| ५ | श्री गा.पा. सभाहल तक | ५ | - | |
| ६ | श्री प्राथमिक स्वास्थ्यचौकी कोल | १० | - | |
| ७ | श्री नेपाल राष्ट्रिय मा.वि. चुनवाङ | ९ | - | |
| ८ | श्री जनसहयोग मा.वि.जाङ | ३२ | - | |
| ९ | श्री देउराली मा.वि.हुकाम | ४७ | - | |
| १० | श्री पुथा हिमालय मा.वि. मैकोट | ७० | - | |
| ११ | श्री सिद्धमण्डली मा.वि.राङ्सी | ७ | - | |
| १२ | श्री जनजागृति सामुदायिक सभाहल, उपल्लो साकिम | ७ | - | |
| १३ | श्री शहिद शुक्र मा.वि. सिमा | ८ | - | |
| १४ | श्री पुरानो मगर संग्राहालय काँक्री | १५ | - | |
| १५ | श्री जनजागृति मा.वि. महत | ३० | - | |
| १६ | श्री पर्वत मा.वि. कोल | २८ | - | |
| १७ | श्री जनविकास आ.वि. साकिम | १४ | - | |
| १८ | श्री नेपाल राष्ट्रिय आ.वि.कोर्जा | ४५ | - | |
| १९ | श्री आधारभूत विद्यालय, लावाङ | १० | - | |
| २० | श्री ज्ञानज्योति आधारभूत विद्यालय, धर्मशाला | ५ | - | |
| २१ | श्री वराह आधारभूत विद्यालय, लुकुम | १० | - | |
| २२ | श्री जनता मा.वि., पोखरा | ५४ | - | |
| २३ | श्री सौजन्य आधारभूत विद्यालय, पाँगा | २२ | - | |
| २४ | श्री जनसेवा आधारभूत विद्यालय, | १७ | - | |
| २५ | श्री मा. वि., लम्पाकोट | १८ | - | |
| २६ | लयन बुढाको खाली घर | ८ | - | |
| जम्मा | | ५७१ | १५ | |



Scanned by CamScanner

# कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्वन्धी गरिएका गतिविधिहरु




माथिवाट क्रमश: रुक्मणि मा.वि.क्वारेन्टाइन अनुगमन,पहिलो पटक क्वारेन्टाइनमा वसेका ३० जनालाई पठाइएको, विभिन्न स्थानवाट भूमे गा.पा.मा प्रवेश गर्नेहरुलाई खावाङवगर हेल्पडेस्कमा चेक जाँच हुँदै, प्रदेश ५ र प्रदेश ६ को सिमाना घोरखानी रहेको चेकजाँज तथा हेल्पडेस्क ।

Scanned by CamScanner

## जिल्ला अस्पताल रुकुम पूर्वमा ५ नं. प्रदेश सरकारको सहयोगमा एम्बुलेन्स सेवा सुचारु




## PCR Test भएको विवरण

| क.सं. | गाउँपालिका/अन्य | संख्या |
|---|---|---|
| १ | सिस्ने | २३७ जना (२१ म.२१६ पु.) |
| २ | भूमे | ६९ जना ( ९ म.६० पु.) |
| ३ | पुथा उत्तरगंगा | ८७ जना ( १७ म.७० पु.) |
| ४ | अन्य (फ्रन्ट लाइनमा रही कामगर्ने जनप्रतिनिधि, स्वास्थ्य कर्मी,सुरक्षाकर्मी र कर्मचारी) | ४५ जना ( ८ म.३७ पु.) |
| | जम्मा | ४३८ जना (५५ म.३८३ पु.) |


यस जिल्लामा जम्मा ४३८ जनाको PCR Test भएकोमा पुथाउत्तरगंगा गाउपालिकाका ६ जना र सिस्ने गाउँपालिकाका ६ जना र पुथाउत्तरगंगा गाउँपालिकाका २ गरी जम्मा १४ जनामा कोभिड १९ नतिजा पोजेटिभ देखिएको । जसमध्ये ७ जना निको भई घर फर्केका छन भने पछिल्लो पटकको परीक्षणमा नतिजा पोजेटिभ देखिएका ७ जनालाई रुकुम पूर्व अस्पतालको आइशोलेसन सेन्टरमा राखिएको छ ।


Scanned by CamScanner

**PCR Test का लागि स्वाब संकलन गरेका दृष्यहरु**










Scanned by CamScanner

## सिस्ने गाउँपालिका वडा नं ८ मा कोभिड-१९ को संक्रमण RDT Test








## कोभिड-१९ को संक्रमण लाई कम गर्नको लागि यस जिल्लामा भएको स्थानीय तह अनुसार RDT Test विवरण

| क.सं. | स्थानीय तहको नाम | RDT Test गरेको संख्या |
|---|---|---|
| १ | सिस्ने गाँउपालिका | २५८ |
| २ | भूमे गाँउपालिका | ३३८ |
| ३ | पुथाउत्तरगंगा गाँउपालिका | ८७ |
| ४ | अन्य (फ्रन्ट लाइनमा रही कामगर्ने जनप्रतिनिधि, स्वास्थ्य कर्मी,सुरक्षाकर्मी र कर्मचारी) | ४६ |
| | जम्मा | ७२९ |



Scanned by CamScanner

## DRRT (District Rapid Response Team) गठन

कोभिड-१९ को रोकथाम र नियन्त्रण गर्ने कार्यलाई प्रभावकारी बनाउन तपशील वमोजिमको DRRT (District Rapid Response Team) गठन भएको । उक्त समितिले आवश्यकता अनुसार स्थानीय तहहरु र सुरक्षा निकायहरु तथा स्वास्थ्य संस्थाहरुसँग आवश्यक सहयोग,समन्वय र सहकार्य गरी गरेका कार्यको नियमित जानकारी CCMC रुकुम पूर्वलाई गराउने कार्य भएको छ ।

## क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन समिति रुकुम पूर्व

| पद | नामथर | कार्यालय | कैफियत |
|---|---|---|---|
| संयोजक | स.प्र.जि.अ. अञ्जु पोखरेल | जिल्ला प्रशासन कार्यालय | |
| सदस्य | प्र.नि. दिनेश गुरुङ | जिल्ला प्रहरी कार्यालय | |
| सदस्य | स.प्र.नि. सत्य कुमार वुढाथोकी | सशस्त्र प्रहरी वल गुल्म | |
| सदस्य | मे.सु. पूर्ण वहादुर पुन | जिल्ला अस्पताल | |
| सदस्य | ब.अ.स. कुमार देवकोटा | रा.अ.जि.का. | |
| सदस्य | ज.म. श्याम चौधरी | नेपाली सेना ख.द.ग. | |
| सदस्य | सं. लोकेन्द्र बहादुर वुढाथोकी | नेपाल रेडक्रस सोसाइटी | |
| सदस्य | व.स.शान्ते वहादुर वि.क | सिस्ने गा.पा. | |
| सदस्य | ई.कर्ण वहादुर के.सी. | सिस्ने गा.पा. | |
| सदस्य-सचिव | नि.प्र.यादव प्रसाद शर्मा | स्वास्थ्य कार्यालय | |

## लकडाउनमा नियमित गस्ती

रुकुम पूर्व जिल्लामा प्रवेश गर्ने सिमा नाकाहरुमा हेल्पडेस्क सहितको चेकपोष्ट स्थापना, जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वको संयोजकत्वमा एकिकृत रुपमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरी वल नेपाल वाट लकडाउन पालनाको नियमित गस्ती भैरहेको र यस क्रममा सुरक्षा निकायवाट सर्वसाधरणमा कोभिड-१९ सम्वन्धी चेतनामूलक कार्यक्रम गरिएको । लकडाउनको अवधिमा ट्राफिक नियमको उल्लंघन गर्ने सवारी साधनलाई कारवाही गरिएको छ ।




Scanned by CamScanner

| आन्तरिक तथा सिमा नाकाहरुमा रहेका हेल्प तथा हेल्थ डेक्समा खटीने नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्वास्थ्य कर्मीहरुको विवरण: | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नेपाल प्रहरी | | | | | | सशस्त्र प्रहरी | | | स्वास्थ्य कर्मी | | |
| सि.नं. | सिमानाका तथा आन्तरीक रुपमा राखिएको हेल्प डेक्सको नाम | प्रहरी युनिटको नाम | दर्जा | नामथर | सम्पर्क नम्बर | दर्जा | नामथर | सम्पर्क नम्बर | पद | नामथर | टे.फो.नं. |
| १ | सिस्ने गा.पा.५ रुकुमकोट ( आन्तरिक) | जि.प्र.का.रुकुम(पूर्व) | प्र.स.नि. | डिल बहादुर गिरी | ९८५७८९०४७२ | स.प्र.स.नि. | चन्द्र शर्मा | ९८५५२३९७३७ | जन.स्वा. अ. | सुरेन्द्र यादव | ९८६६९०४८२५ |
| २ | पुथाउत्तरगंगा १२ क्यूबाङ ( आन्तरिक) | अ.प्र.पोष्ट कोल | प्र.स.नि. | गणेश बि.क. | ९८६६८४९०१८ | - | - | - | हे.अ. | समिर गिरी | ९८४५२७७३८५ |
| ३ | पुथाउत्तरगंगा ८ सिस्ने डाँडा ( आन्तरिक) | प्र.चौ.जाङ | प्र.स.नि. | याम बहादुर बि.क. | ९८६८२४४८२० | - | - | - | अ.हे.ब. | ओम प्रकाश चौधरी | ९८६२१३१४७३ |
| ४ | भुमे गा.पा.२ खाबाङबगर ( आन्तरिक) | ई.प्र.का.काँक्री | प्र.ह. | प्रस्मनी चौधरी | ९८१०७८९७५० | - | - | - | H.A | संजिब खड्का | ९८१२८२७२४१ |
| ५ | पुथाउत्तरगंगग गा.पा.११ दम्जन (रुकुम पूर्व -बाग्लुङ) | ई.प्र.का. तकसेरा | प्र.स.नि. | तिल बहादुर खत्री | ९८४७८७४४३७ | - | - | - | अ.न.मि. | कामना रोका | ९८४१२८७२२४ |
| ६ | भमे गा.पा.-०९ सिमलघारी | ई.प्र.का. चुनवाङ | प्र.स.नि. | ओमरास घर्ति | ९८५७८९०००४ | - | - | - | अ.हे.ब. | चित्र ब.बिष्ट | ९८४७९१४७३९ |
| ७ | पुथाउत्तरगंगा गा.पा.१४ जामाबगर | अ.प्र.पोष्ट कोल | प्र.ह. | शोभाराम यादव | ९८४८१८१००४ | - | - | - | अ.हे.ब. | रसमाया पुन | ९८४०५६४८४४ |
| ८ | भुमे गा.पा. ६ महत्त | अ.प्र.पोष्ट | प्र.स.नि. | खिम बहादुर राना | ९८४८२०२५२६ | - | - | - | अ.हे.व. | हेमराज वली | ९८४४९१८६७९ |
| ९ | पुथा उत्तरगंगा गा.पा.८ वडा कार्यालय रुकुम (पूर्व) | प्र.चौ.जाङ | प्र.ह. | कुलदिप शाह | ९८४८३६६२०५ | - | - | - | अ.हे.व. | ऐन मान के.सी. | ९८४५१८१९१८ |
| जम्मा: | | | | | | | | | | | |

Scanned by CamScanner

जिल्लामा संघ र प्रदेश सरकार मार्फत प्राप्त स्वास्थ्य सामग्रीहरु सिस्ने, भूमे र पुथाउत्तरगंगा गाउँपालिका लाई वितरण हुदै





सिस्ने गाउँपालिकाका विभिन्न वडाहरुमा राहत वितरण गरिँदै








Scanned by CamScanner

## सिस्ने गाउँपालिका स्थित रुक्मिणी मा.वि.मा क्वारेन्टाइन स्थापना तथा व्यवस्थापन गरिदै









Scanned by CamScanner

जिल्लामा निर्माणाधीन योजनाहरुको अनुगमन हुँदै





Scanned by CamScanner

# फोटो ग्यालरी







Scanned by CamScanner






Scanned by CamScanner

## सूचना संकलन तथा व्यवस्थापन

यस रुकुम पूर्व जिल्लामा कोभिड-१९ को सिलसिलामा प्रशासनिक सोधपुछ एवं समस्या समाधान गर्न सहायक प्रमुख जिल्ला अधिकारी तथा सूचना अधिकारी श्री अन्जु पोखरेलको मोवाइल नं.९८५११९४८७२ मा समेत फोन गर्न सकिने व्यवस्था मिलाइएको छ । लकडाउनको प्रभावले अलपत्र परेका व्यक्ति तथा मजदुरलाई नजिकैको वडा कार्यालय तथा गाँउ पालिकाको समन्वयमा राहत उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।

## विकास निर्माण

यस जिल्लामा सञ्चालित निर्माणाधीन आयोजनाका कामहरु (मेसिनरी औजार तथा उपकरण वढी प्रयोग हुने) सामाजिक दूरी कायम गरी सम्वन्धित कार्यालयको आयोजना संचालन अनुमति माग गरेको पत्र, स्थानीय तहको सिफारिस समेतको आधारमा स्थानीय तहको समन्वय एवं सुपरीवेक्षणमा कार्यसंचालन अनुमति उपलव्ध गराइएको छ । साथै विकास निर्माण आयोजनाका लागि आवश्यक निर्माण सामग्रीहरु ढुवानीमा सहजीकरण गरिएको छ ।

## नियमित स्वास्थ्य सेवा संचालन

जिल्लास्थित सरकारी निकाय, निजी, सामुदायिक क्षेत्रवाट संचालित अस्पताल तथा स्वास्थ्य संस्थाहरुवाट सवै प्रकारका स्वास्थ्य सेवाहरु सूचारु गरिएको । स्वास्थय संस्थामा आउने जुनसुकै विरामीलाई अनिवार्य रुपमा उपचारको व्यवस्था मिलाइएको तथा आकस्मिक तथा गम्भीर प्रकृतिका विरामीलाई जिल्लामा उपचार हुन नसक्ने भएमा उपचारको सिलसिलामा जिल्ला वाहिर सुविधा सम्पन्न अस्पताल सम्म जाने व्यवस्था मिलाइएको छ ।

## भिडियो कन्फेरेन्स


मिति २०७६/१२/२१ गते ५ नं. प्रदेशका माननीय मुख्य मन्त्री शंकर पोखरेलज्यू संग भिडियो कन्फेन्सिङ मार्फत जिल्लामा कोरोना रोकथाम , नियन्त्रण र उपचार तथा लकडाउनका सम्वन्धमा जिल्लामा भए गरेका कार्यप्रगति प्रमुख जिल्ला अधिकारीज्यूवाट प्रस्तुतीकरण भएको । साथै उक्त भिडियो कन्फेरेन्समा मुख्यमन्त्रीज्यू बाटा कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्वन्धमा सक्रिय रुपमा परिचालन हुने , लकडाउनलाई प्रभावकारी वनाउने लागयतका विषयमा निर्देशन भएको ।

मिति २०७७/०१/१५ गते ५ नं. प्रदेशका माननीय सभामुख श्री पूर्ण घर्ति ज्यूसंग भिडियो कन्फेसिंङ मार्फत जिल्लामा कोरोना रोकथाम , नियन्त्रण र उपचार तथा लकडाउनका सम्वन्धमा जिल्लामा भए गरेका कार्यप्रगति प्रमुख जिल्ला अधिकारीज्यूवाट प्रस्तुतीकरण भएको । साथै उक्त भिडियो कन्फेरेन्समा सभामुखज्यूवाट कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्वन्धमा सक्रिय रुपमा परिचालन हुने, क्वारेन्टाइन व्यवस्थापन र लकडाउनलाई प्रभावकारी वनाउने लागयतका विषयमा निर्देशन भएको ।



Scanned by CamScanner

मिति २०७७/०२/२२ गते ५ नं. प्रदेशका माननीय आन्तरीक मामिला तथा कानुन मन्त्री कुल वहादुर के.सी. ज्यू संग भिडियो कन्फेरेन्स मार्फत जिल्लामा कोरोना रोकथाम, नियन्त्रण र उपचार तथा लकडाउनका सम्वन्धमा जिल्लामा भए गरेका कार्यप्रगति प्रमुख जिल्ला अधिकारीज्यूवाट प्रस्तुतीकरण भएको । साथै उक्त भिडियो कन्फेरेन्समा कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्वन्धमा थप रणनीतिक योजना तयार गरी सक्रिय रुपमा परिचालन हुने लगायतका विषयमा निर्देशन भएको ।



Scanned by CamScanner

**मिति २०७७ साल वैशाख १३ गते संकट व्यवस्थापन केन्द्र ( Crisis Management Centre ) रुकुम पूर्वको वैठकले गरेका निर्णयहरु**

१. कोभिड-१९ को लकडाउन पश्चात भारत र तेस्रो मुलुकबाट यस रुकुम पूर्व जिल्लामा प्रवेश गरेका व्यक्तिहरु जिल्लाको अभिलेख अनुसार सिस्ने गाउँपालिका १२८, भूमे गाउँपालिका २९ र पुथा उत्तरगंगा गाउँपालिकामा ५ गरी जम्मा १६२ जना रहेको र स्वाब संकलन गर्ने प्रयोजनका लागि उल्लेखित संख्यात्मक विवरण जानकारीका लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालय,प्रदेश नं. ५ , बुटवल र गृह मन्त्रालयको राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्रमा पठाउने निर्णय गरियो ।

**मिति २०७७ साल वैशाख ३१ गते संकट व्यवस्थापन केन्द्र ( Crisis Management Centre ) रुकुम पूर्वको वैठकले गरेका निर्णयहरु**

१. देशमा कोरोना भाइरस (कोभिड-१९) मा संक्रमितहरु अनपेक्षित रुपमा बढिरहेको सन्दर्भमा यस जिल्लामा लकडाउनलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्वास्थय सेवा बाहेकका अत्यावश्यक सेवा प्रदान गर्ने पसलहरु मिति २०७७/०२/०१ देखि २०७७/०२/०५ सम्मका लागि बिहान ९ वजे सम्म र बेलुका ५ बजेदेखि ७ बजेसम्म मात्र संचालन गर्न दिने साथै अत्यावश्यक कामका लागि यस जिल्लाभित्र सवारी साधन चलाउनु पर्ने अवस्थामा अनिवार्य रुपमा जिल्ला प्रशासन कार्यालयबाट सवारी पास अनुमति लिएर मात्र चलाउन दिने र उल्लेखित समय बाहेकको समयमा पसल संचालन गरेको एवं सवारी साधन चलाएको पाईएमा कानुन बमोजिम कडा कारवाही गर्ने निर्णय गरियो ।

**मिति २०७७ साल जेठ ५ गते संकट व्यवस्थापन केन्द्र ( Crisis Management Centre ) रुकुम पूर्वको वैठकले गरेका निर्णयहरु**

१. हाल जिल्ला अस्पतालमा ६ वटा आइसोलेशन बेड रहेकोमा सोही अस्पतालमा थप दुई र रुक्मिणि मा.वि.मा १२ गरी जम्मा २० वेडको आइसोलेसन सेन्टर निर्माण गर्ने निर्णय गरियो ।

२. कोरोना भाइरस ( Covid-19) को संक्रमण वढ्दै गईरहेको र भविष्यमा यस जिल्लामा समेत त्यस्तो संक्रमण बढ्न सक्ने सम्भावित जोखिमलाई मध्यनजर गदै कोभिड-१९ बाट मृत्यु हुने व्यक्तिको शव व्यवस्थापनको लागि आफ्नो परम्परा अनुसार यस जिल्लाको सिस्ने गाउँपालिकाको धाउने बगरलाई तोक्ने निर्णय गरियो ।



Scanned by CamScanner

३.अन्य जिल्लावाट यस जिल्लामा प्रवेश गर्ने सवारी अनुमति पत्र भएका सवारी साधनहरुलाई मात्र प्रवेश गर्न दिने, रुकुम पूर्व जिल्लामा स्थायी बासस्थान भएका पैदल यात्रीहरुलाई मात्र प्रवेश गर्न दिने, अन्यलाई प्रवेश निषेध गर्ने र जिल्ला प्रशासन कार्यालयबाट सवारी पास लिएका सवारी साधनलाई मात्र जिल्लाभित्र आवतजावत गर्न अनुमति दिने, अन्यलाई निषेध गर्ने साथै तराई तथा कोभिड-१९ संक्रमित जिल्लाहरुवाट यस जिल्लामा तरकारी तथा फलफूल ढुवानी गर्ने सवारी साधनलाई समेत जिल्ला प्रवेशमा रोक लगाउने निर्णय गरियो ।

४. मिति २०७७/०२/०१ देखि २०७७/०२/०५ सम्म लागू हुने गरी अत्यावश्यक सेवा तथा खाद्यान्न पसलहरुलाई खोल्ने समय तोकिएकोमा त्यसलाई २०७७/०२/२० सम्म निरन्तरता दिने निर्णय गरियो ।

५. सरकारी कार्यालय तथा विकास निर्माण एवं आयोजनाहरुमा कार्यरत कर्मचारीहरुले समेत जिल्ला प्रशासन कार्यालयवाट अनिवार्य रुपमा सवारी पास लिई आवतजावत गर्नुपर्ने निर्णय गरियो ।

६. लकडाउन अवधिभर पूजापाठ, भोजभतेर लगायतका धार्मिक तथा साँस्कृतिक कार्यहरु नगर्न नगराउन सम्वन्धित निकायमा अनुरोध गर्ने, जिल्लाको मौज्दात खाधान्न, ईन्धन एवं नुनको स्टक हेरी खाधान्न अभाव हुन नदिने गरी आवश्यक भण्डारण गर्न जिल्ला उधोग वाणिज्य संघलाई आवश्यक समन्वय र व्यवस्थापनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

## मिति २०७७ साल जेठ १४ गते संकट व्यवस्थापन केन्द्र ( **Crisis Management Centre** ) रुकुम पूर्वको वैठकले गरेका निर्णयहरु

१. PCR विधिवाट कोरोना भाईरस परिक्षणको लागि स्वाब संकलन गरी मिति २०७७/०२/०८ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङमा पठाईएको मध्य मिति २०७७/०२/१४ गते PCR परिक्षणको रिपोर्ट अनुसार कोरोना भाईरसको संक्रमण पुष्ठि भएका पुथाउत्तरगंगा गा.पा. १३ का २३ वर्षको पुरुष, पुथाउत्तरगंगा गा.पा. १४ का १५ वर्षकी महिला र १७ बर्षको पुरुष गरी जम्मा तीन जनालाई थप उपचारको लागी प्रादेशीक कोरोना विशेष अस्पताल बेलभ्रुण्डि दाङ मा पठाउने निर्णय गरियो ।

२. COVID-19 पोजेटिभ देखिएका व्यक्तिहरु बसेको क्वारेन्टाईन ( श्री सिद्धमण्डली मा.वि. राङसी, पुथाउत्तरगंगा गाउँपालिका वडा नं. १४ ) रहेका अन्य पाँच जना व्यक्तिहरु र सम्पर्कमा आएका व्यक्तिहरुको PCR विधीवाट कोरोना परिक्षणको लागि स्वाब संकलन गर्ने निर्णय गरियो ।

३. COVID-19 पोजेटिभ देखिएका व्याक्तिहरुको कन्ट्याक्ट ट्रेसिङ गरी निजहरुको सम्पर्कमा आएका व्यक्तिहरुलाई क्वारेन्टाइनमा राख्नको लागी पुथाउत्तरगंगा गाउँपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।



Scanned by CamScanner

४. जिल्ला अस्पताल र श्री रुक्मिणि मा.वि.रुकुमकोट रुकुम (पूर्व) मा निर्मित आइसोलेसन सेन्टरलाई तयारी अवस्थामा राख्ने निर्णय गरियो ।

५. पछिल्लो समयमा भारत तथा नेपालका विभिन्न जिल्लाहरुबाट रुकुम (पूर्व )मा प्रवेश गर्ने मानिसहरुको संख्या बढेसंगै जिल्लामा कोरोना भाईरस संक्रमणको थप जोखिम बढेकोले निजहरुलाई सुरक्षित साथ व्यवस्थापन गरी कोरोना भाईरसको संक्रमण फैलिन नदिन जिल्लामा रहेका क्वारेन्टाइनहरुमा मापदण्ड बमोजिम व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि स्थानिय निकायहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

६. लकडाउनलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गराउने र लकडाउन पूर्ण रुपमा पालना गर्न यस जिल्लामा रहेका आम नागरिकमा अनुरोध गर्ने निर्णय गरियो ।

७. पुथाउत्तरगंगा गाउँपालिका वडा नं. १३ र वडा नं. १४ मा कोभिड १९ पोजेटिभ देखिएको हुँदा मिति २०७७/०२/२० गते सम्म उक्त गा.पा.को वडा नं. १३ र १४ मा प्रवेश गर्न र त्यहाँबाट अन्यत्र स्थानमा आवतजावत बन्देज गर्ने निर्णय गरियो ।

यसैगरी संकट व्यवस्थापन केन्द्रको जिल्लागत संरचना, क्वारेन्टाइन संचालन तथा व्यवस्थापन समितिको बैठक आवश्यकतानुसार बसी विभिन्न निर्णयहरु गर्ने गरेको छ ।

## अत्यावश्यक सवारीका लागि निलो रंगको सवारी पासको व्यवस्था

नेपाल सरकार गृह मन्त्रालयको निर्देशन तथा जिल्ला सुरक्षा समिति रुकुम पूर्वको निर्णय वमोजिम सवारी पासलाई व्यवस्थित गरिएको र हालसम्म सात सय बढी अति आवश्यक प्रयोजनका लागि सवारी पास जारी भएका छन ।

राहत वितरण विवरण

| क.सं. | स्थानिय तह | राहत प्राप्त घरधुरी |
|---|---|---|
| १ | सिस्ने गाउँपालिका | २५३ |
| २ | भूमे गाउँपालिका | २७५ |
| ३ | पुथाउत्तरगंगा गाउँपालिका | - |
| | जम्मा | ५४८ |

पुनश्चः- पुथाउत्तरगंगा गाउँपालिकाले रुकुमकोटदेखि पुथाउत्तरगंगा गाउँपालिकाका सवै वडाहरुमा गाउँपालिकाको ढुवानी अनुदानमा नेपाल खाद्य संस्थान र साल्ट ट्रेडिङ कर्पोरेसनकै दररेटमा २०० क्वी. आयोडिनयुक्त नुन र ३४० क्वी. चामल ढुवानी गरी वितरण गरिएको ।



Scanned by CamScanner

## रुकुम पूर्व जिल्लाका स्थानीय तहहरुका कार्यालय प्रमुख र सूचनाअधिकारी हरुको विवरण

| क. सं. | कार्यालयको नाम | कार्यालय प्रमुख | मोवाइल नं. | सूचना अधिकारी | मोवाइल नं. |
|---|---|---|---|---|---|
| १ | सिस्ने गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम पूर्व । | चिन्तामणी दहाल | ९८५७८२१८९० | अच्युत पन्थी | ९८४७२१७६६३ |
| २ | भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, खावाङ वगर,रुकुम पूर्व । | चन्द्रसिंह श्रेष्ठ | ९८५७८३१२०० | प्रेम प्रसाद भट्टराई | ९८१७५१९६८७ |
| ३ | पुथाउत्तरगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व । | रविन्द्र वुढा क्षेत्री | ९८४३९३२१०३ | शिवराम खड्का | ९८५७८२४३६० |

नेपाल सरकार

# गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

रुकुम पूर्व

Crisis Management Centre ( CMC)

०८८-४१३०८३ ०८८-४१३०६५

daorukumeast@moha.gov.np

daorukumeast76@gmail.com

daorukumeast.moha.gov.np



Scanned by CamScanner